# ताराखोला गाउँपालिकाको ढुगा प्रशोधन उद्योग दर्ता, नवीकरण तथा दस्तुर संकलन  सम्वन्धी कार्यविधी, २०७८

गाउँपालिका क्षेत्रमा निजी जग्गामा ढुंगा प्रशोधन उद्योग सञ्चालन गरी रोजगारी श्रृजना गर्ने तथा आय बृद्धी गर्न चाहने व्यक्तिहरुलाई ढुंगा प्रशोधन उद्योग दर्ता गर्ने, नवीकरण गर्ने, ठाउँ सारी गर्ने विषयमा स्पष्ट पार्नुपर्ने भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२, ताराखोला गाउँपालिकाको औधोगिक व्यवसाय ऐन- २०७६ को दफा २० तथा ताराखोला गाउँपालिकाको आर्थिक ऐनको दफा १० ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधी जारी गरिएको हो ।

यो कार्यविधी कार्यपालिकाले स्वीकृत राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

## परिक्ष्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ-

(१) यस कार्यविधीको नाम "ताराखोला गाउँपालिकाको ढुगा प्रशोधन उद्योग दर्ता, नवीकरण तथा दस्तुर संकलन  सम्वन्धी कार्यविधी, २०७८" रहेको छ ।

(२) यो कार्यविधी कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशित गरेको मिति देखि लागू हुनेछ ।

(३) यो कार्यविधी ताराखोला गाउँपालिका क्षेत्रमा मात्र लागू हुनेछ ।

२. परिभाषा — विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क) "उद्योग" भन्नाले ढुंगा प्रशोधन उद्योगलाई सम्झनुपर्नेछ ।

(ख) "ढुंगा प्रशोधन उद्योग" भन्नाले निजी जग्गामा प्राकृतिक रुपमा प्राप्त हुने ढुंगा, गिटि, बालुवा आदीको स्वरुप परिवर्तन गरी मानव उपयोगी आकारमा परिवर्तन गर्ने उद्योगलाई सम्झिनु पर्छ ।

(ग) "उद्योग दर्ता" भन्नाले ताराखोला गाउँपालिकाको औधोगिक व्यवसाय ऐन, २०७६ को दफा ४ बमोजिम उद्योग दर्ता गर्ने कार्यलाई सम्झिनु पर्दछ ।

(घ) "प्राविधिक समिति" भन्नाले ताराखोला गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधी, २०७७ को दफा १४ मा गठित प्राविधिक समितिलाई सम्झनुपर्नेछ ।

(ङ) "दस्तुर" भन्नाले ताराखोला गाउँपालिकाको आर्थिक ऐन को दफा ५ बमोजिम तोकिएको शुल्क सम्झिनु पर्दछ ।

(च) "नविकरण" भन्नाले खण्ड क बमोजिमको उद्योग वार्षिक रुपमा गरिने नवीकरणलाई सम्झनुपर्छ ।

(छ) "ठाउँसारी" भन्नाले एक ठाउँमा सञ्चालित ढुंगा प्रशोधन उद्योग संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय अध्यनन लगायत सम्पूर्ण प्रकृया पुरा गरी अर्को स्थानमा सार्ने प्रकृयालाई सम्झनुपर्नेछ ।

## परिच्छेद -२

## उद्योग दर्ता तथा नवीकरण र ठाउँसारी सम्बन्धी व्यवस्था

३. दर्ता गर्नुपर्ने- (१) निजि जग्गामा ढुंगा प्रशोधन उद्योग स्थापना र सञ्चालन गर्न चाहने व्यक्ति, संस्था फर्महरुले गाउँपालिकामा उद्योग दर्ता गर्नुपर्ने छ ।

(२) निजि जग्गामा ढुंगा प्रशोधन उद्योग दर्ता गर्न देहाय बमोजिमका कागजात सहित गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्ने छ ।

क) निवेदन

ख) फर्म, कम्पनी वा संस्था भएमा दर्ता प्रमाणपत्र तथा सो फर्म, कम्पनी वा संस्थाको कर चुक्ता प्रमाणपत्र

ग) संक्षिप्त वा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन कार्यपालिकाबाट स्वीकृत भएको कार्यपालिकाको निर्णय

घ) व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र

ङ) उद्योग सञ्चालन हुने स्थानको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी

च) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय अध्ययनको प्रतिवेदनले दिएका सुझाव, जोखिम न्यूनीकरणको उपाय कार्यन्वयन गर्ने प्रतिबद्धता पत्र

छ) उद्योग सञ्चालन गर्ने स्थानको सधियारहरुको स्वीकृतीपत्र ।

ज) आर्थिक ऐनमा तोकिए बमोजिमको शुल्क तिरेको रसिद ।

४. अनुगमन गर्न सक्ने —(१) उद्योग दर्ताको लागि निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृत वा प्राविधिक समितिलाई उद्योग सञ्चालन हुने स्थानको अनुगमन गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा उद्योग स्थापना गर्न उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृत वा अधिकृत स्तरको कर्मचारीले उद्योग स्थापनाको लागि उपदफा (३) बमोजिम अनुमति तथा प्रमाणपत्र दिन सक्नेछ ।

(३) दफा ४ बमोजिम प्राप्त निवेदन अनुसार उद्योग दर्ता गर्न उपयुक्त हुने नहुने छानविन गरी उद्योग दर्ता गर्न उपयुक्त देखिएमा निवेदन दर्ता भएको मितिले १५ दिन भित्र निवेदकलाई प्रमाणपत्र दिनु पर्नेछ । उद्योग दर्ता गर्न नमिल्ने देखिएमा नमिल्नुको कारण सहित निवेदकलाई लिखित जानकारी उपलब्ध गराउनु पर्ने छ ।

(४) उपदफा (४) बमोजिम उद्योग दर्ता गर्न नमिल्ने देखिएमा उद्योग दर्ताको लागि बुझाएको शुल्क निवेदकलाई फिर्ता गर्नुपर्नेछ ।

५. प्रमाणपत्र दिनुपर्ने- (१) दर्ता भएको उद्योगलाई गाउँपालिकाको योजना शाखा वा उद्योग हेर्ने शाखाले अनुसूची १ बमोजिमको ढाँचामा उद्योगको प्रमाणपत्र दिनुपर्ने छ ।

६. नवीकरण गर्नुपर्ने — (१) एक पटक स्थापना भएको उद्योग प्रत्येक आर्थिक वर्षको पहिलो महिनामा नै नवीकरण गरिसक्नुपर्ने छ । नवीकरण नगरी ढुंगा प्रशोधन गरेमा त्यस्तो ढुंगा प्रशोधन उद्योगलाई जारी गरिएको प्रमाणपत्र खारेज गरिने छ ।

(२) उपदफा (१) बमोजिम नवीकरण गर्दा देहाय बमोजिमका कागजात सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्नेछ ।

(क) निवेदन

(ख) अघिल्लो आर्थिक वर्षमा गरेको उद्योगको आय व्यय विवरण ।

(ग) आर्थिक ऐनले तोके बमोजिमको नवीकरण शुल्क तिरेको रसिद ।

(३) उपदफा २ बमोजिम निवेदन पर्न आएमा प्रमुख प्रशासकीय अधिकृतले निवेदन चित्तबुझ्दो देखिएमा निवेदन दर्ता भएको सात दिन भित्र नवीकरण गरिदिनु पर्नेछ ।

७. ठाउँसारीको लागि निवेदन दिनुपर्ने- (१) एक ठाउँमा स्थापना भई अर्को ठाउँमा स्थानान्तरण गरी उद्योग सञ्चालन गर्न चाहेमा देहाय बमोजिमका कागजात सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्ने छ ।

क) निवेदन

ख) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि

ग) नयाँ स्थानमा संक्षिप्त वा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन कार्यपालिकाबाट स्वीकृत भएको कार्यपालिकाको निर्णय

घ) उद्योग सञ्चालन हुने स्थानको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी

ङ) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय अध्ययनको प्रतिवेदनले दिएका सुझाव, जोखिम न्यूनीकरणको उपाय कार्यन्वयन गर्ने प्रतिबद्धता पत्र

च) उद्योग सञ्चालन गर्ने स्थानको सधियारहरुको स्वीकृतीपत्र ।

छ) आर्थिक ऐनमा तोकिए बमोजिमको शुल्क तिरेको रसिद ।

(२) उपदफा १ बमोजिम ठाउँसारिको लागि निवेदन पर्न आएमा प्रमुख प्रशासकीय अधिकृत वा प्राविधिक समितिलाई उद्योग सञ्चालन हुने स्थानको अनुगमन गर्न वा गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा उद्योग ठाउँसारी गरी स्थापना गर्न उपयुक्त हुने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले उद्योग ठाउँसारीको लागि उपदफा (४) बमोजिम अनुमति दिन सक्नेछ ।

(५) दफा ७ बमोजिम प्राप्त निवेदन अनुसार उद्योग ठाउँसारी गर्न उपयुक्त हुने नहुने छानविन गरी निवेदन दर्ता भएको मितिले १५ दिन भित्र निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ । उद्योग ठाउँसारी गर्न नमिल्ने देखिएमा नमिल्नुको कारण सहित निवेदकलाई लिखित जानकारी उपलब्ध गराउनु पर्ने छ ।

(६) उपदफा (५) बमोजिम उद्योग दर्ता गर्न नमिल्ने देखिएमा उद्योग ठाउँसारीको लागि बुझाएको शुल्क निवेदकलाई फिर्ता गर्नुपर्नेछ ।

(७) उल्लेखित शर्तको अधिन भन्दा बाहिरको परिस्थितिमा सम्बन्धित उद्योग दर्ता गर्न चाहने व्यवसायी/कम्पनीले प्रचलित कानुन बमोजिम (IEE)/(EIA) र माईनिङ स्कीम पेश गरेको र खानी तथा भुगर्भ विभागमा खानी उत्खननको ईजाजतको लागि अनुरोध भई आएको खण्डमा गाउँ कार्यपालिकाले कार्यशर्त स्वीकार र उद्योग दर्ता गरि खानी उत्खननको ईजाजतको लागि निर्णय गरेमा प्रमुख प्रशासकीय अधिकृत वा अधिकृत स्तरको कर्मचारिले उद्योग दर्ता गर्न सक्नेछ ।

## परिच्छेद- ३

## प्रमाणपत्र वा अनुमतिपत्रको खारेजी सम्बन्धी व्यवस्था

८. प्रमाणपत्र वा अनुमतिपत्र खारेजी गर्न सकिने — संक्षिप्त वा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेनमा उल्लेखित मात्रा र परिमाण भन्दा बढी ढुंगा उत्खनन हुने गरी उद्योग सञ्चालन भएको पाईएमा गाउँपालिकाले प्रदान गरेको अनुमतिपत्र वा प्रमाणपत्र रद्द गरिनेछ । साथै यसरी सञ्चालित उद्योगलाई गाउँपालिकाको उद्योग व्यवशाय ऐन -२०७६ को दफा १७ बमोजिम सजाय गर्न सक्नेछ ।

अनुसुची -१

कार्यविधीको दफा-५ वा ७ संग सम्बन्धीत

ताराखोला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अर्गल, बागलुङ्ग

## उद्योग दर्ता प्रमाण पत्र

दर्ता नं. ................                                        दर्ता मिति २०.../..../.....

श्री ..........................................................प्रा.लि./श्री ..........................
ले तारखोला गाउँपालिकाको औधोगिक व्यवसाय ऐन, २०७६ को दफा ५ तथा तारखोला गाउँपालिकाको ढुगा प्रशोधन उद्योग दर्ता, नवीकरण तथा दस्तुर संकलन सम्वन्धी कार्यविधी, २०७८ को दफा ३ बमोजिम उद्योग दर्ताको लागि मिति २०..../...../...... मा निवेदन दर्ता गरेकोले (सोहि कार्यविधिको दफा ७) गाउँपालिकाको मिति २०....../...../...... को निर्णयानुसार यो प्रमाणपत्र प्रदान गरिएको छ ।

कुल पूँजी — रु................

स्थीर पुँजी — रु ..............

चालु पुजी- रु ......................

उद्योग स्थापनाको उद्देश्य- निजी जग्गामा ढुंगा प्रशोधन तथा विक्री

उद्योगबाट उत्पादित बस्तु- स्लेट ढुंगा

वार्षिक परिमाण क्षमता (संख्या/ केजि/लिटर) —

तारखोला गाउँपालिकाको उद्योग व्यवशाय ऐन २०७६ को दफा ४ बमोजिम उद्योग दर्ता गरी सोही ऐनको दफा ६ बमोजिम यो प्रमाणपत्र दिईएको छ ।

........................

प्रमुख प्रशासकीय अधिकृत

---

यो उद्योगको प्रमाणपत्र वार्षिक रुपमा नवीकरण गराउनुपर्नेछ । नवीकरण नगरी उद्योग सञ्चलन गरेमा प्रमाणपत्र रद्ध गरी उद्योग बन्द गर्नुपर्नेछ ।